# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## धनगढीमाई नगरपालिका,
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७७।७८
च. नं. १९०

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
धनगढीमाई नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
सिरहा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ ।

.. ...............
(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७७।७८

च. नं. १८९

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
धनगढीमाई नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
सिरहा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले धनगढीमाई नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०२।०९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन । अन्तिम प्रतिवेदन पाना अठाईस (२८) यसैसाथ संलग्न छ ।

२. लेखापरीक्षणबाट रु. ५ करोड ३१ लाख ६६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड ८ लाख ९३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १९ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ५२ लाख १४ हजार र पेश्की बाँकी रु. करोड ५१ लाख १४ हजार रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

**धनगढीमाई नगरपालिका**
**लेखापरिक्षण प्रतिवेदन**
**२०७६।०७७**

**परिचय–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको बि.सं. २०७३ मा स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । प्रदेश नं. २ अन्तर्गत धनगढीमाई नगरपालिकामा १४ वडा ७४ नगरसभा सदस्य, १५९.५१ वर्ग किलोमिटर क्षेत्रफल तथा ४७४४९ हजार जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालन भएका आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **म.ले.प.फा.नं. २७२** | | | | | | | | |
| **धनगढीमाई नगरपालिका** | | | | | | | | |
| **नगर कार्यपालिकाको कार्यालय, सिरहा** | | | | | | | | |
| **कार्यालयकोकोड : ८०२१६४०४३००** | | | | | | | | |
| **वित्तीय प्रतिवेदन** | | | | | | | | |
| आ.व. : २०७६/७७ अवधी : २०७६/०४/०१ - २०७७/०३/३१ | | | | | | | | |
| प्राप्तीभुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यसवर्ष रु. | | | | गतवर्षरु. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५९,७०,२७,८०२ | ६५१४२२०८६।०१ | | ६५१४२२०८६।०१ | | | |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५७,६६,७८,००० | ४६,९०,७५,१४७.०१ | ० | ४६,९०,७५,१४७.०१ | ० | ० | ० |
| ११००० कर | ११ | १२,४६,४४,००० | ७,९३,२६,४१६.७४ | ० | ७,९३,२६,४१६.७४ | ० | ० | ० |
| १३००० अनुदान | | ४१,२८,११,००० | ३६,०७,२८,४३८ | ० | ३६,०७,२८,४३८ | ० | ० | ० |
| संघीय सरकार | १२ | ३८,९०,५१,००० | ३३,६१,८४,४३८ | ० | ३३,६१,८४,४३८ | ० | ० | ० |
| प्रदेश सरकार | १२ | २,३७,६०,००० | २,४५,४४,००० | ० | २,४५,४४,००० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ३,८७,२३,००० | २,९०,२०,२९२.२७ | ० | २,९०,२०,२९२.२७ | ० | ० | ० |
| १५००० विविध प्राप्ति | | ५,००,००० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १९२०५०००० | १८२३५६९३९ | | १८२३५६९३९ | | | |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | २,०३,४९,८०२ | २,०३,४९,८०२ | ० | २,०३,४९,८०२ | ० | ० | ० |
| | | | १९६२४१२९।० | | १९६२४१२९।० | | | |
| धरौटी | | ० | ८८३७३१४।० | ० | ८८३७३१४।० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १४७३२१०००।० | १३३५४५९६४।० | ० | १३३५४५९६४।० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ६९,२४,५६,८०२ | ६०५६१४२९४।६२ | | ६०५६१४२९४।६२ | | | |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७,२१,०७,००० | ४५,३३,३३,५७८.७२ | | ४५,३३,३३,५७८.७२ | | | |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,५६,४०,००० | १३,६८,५३,८९३.१२ | ० | १३,६८,५३,८९३.१२ | ० | ० | ० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,११,८०,००० | ९,५०,७१,१५० | ० | ९,५०,७१,१५० | ० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | १५,००,००० | १०,८३,४५० | ० | १०,८३,४५० | ० | ० | ० |
| २६००० अनुदान | १८ | ३,००,००० | ३९,९५५ | ० | ३९,९५५ | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८,००,००० | ५९,०६७ | ० | ५९,०६७ | ० | ० | ० |
| २८००० अन्य खर्च | १८ | ९,००,००० | ५,१५,९१० | ० | ५,१५,९१० | ० | ० | ० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३३,१७,८७,००० | २१,९७,१०,१५३.६० | ० | २१,९७,१०,१५३.६० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १६२३८०००० | १५२२८०७१५.१९ | | १५२२८०७१५.१९ | | | |
| कोषहरु | | २,०३,४९,८०२ | २२,१६,७८८ | ० | २२,१६,७८८ | ० | ० | ० |
| कोषहरु | | ० | ११७०७२९५।० | | ११७०७२९५।० | | | |
| धरौटी | | ० | ७९४९७५।० | ० | ७९४९७५।० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १४७३२१०००।० | १३३५४५९६४।० | ० | १३३५४५९६४।० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२६,१७,९१९.७१) | | (२६,१७,९१९.७१) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (९,५४,२९,०००) | ५५८१७७९१।३९ | | ५५८१७७९१।३९ | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,४७,३१,३१०.६८ | | ९,४७,३१,३१०.६८ | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (९,५४,२९,०००) | १४०५४९१०२।० | | १४०५४९१०२।० | | | |
| बैंक तथा नगद बाकी | २४ | | १६००८४९३९।४५ | | १६००८४९३९।४५ | | | ० |
| | | | | | | | | |

| कार्यालयको नामः धनगढीमाई नगरपालिका, सिरहा | | आ.व. २०७६।७७ |
|---|---|---|
| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
| | **वित्तीयविवरणविश्लेषण** | |
| १. | **वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक आर्थिक वर्षको आय र व्ययको हिसाव राख्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ६९ वमेजिम आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस बिषयमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको नदिखएकाले असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात सुत्रको अनुसुचिमा भिडान गरेको नदेखिएकोले एकिन गर्न सकिएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च स्वीकृतढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईयो । शुत्र संचालन भएकोमा NEPSASउपयोग नहुँदा तुलनात्मक सूचना अध्ययन गर्न सकिएन।<br>• कोषको सञ्चालन व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईयो । सुत्रमा प्रयाप्त र यर्थाथ सूचना प्राप्त नहुदा आय हिसाबमा एकिन हुन सकिएन । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। सो बिषयमा देखिएको व्यहोराहरु देहाय वमोजिम रहेका छन ।<br>आर्थिक कारोवारको अनुसुची २११ तयार गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रकम संचित कोषमा ट्रन्सफर गरेको पाइएन ।<br>• सेवा प्रवाह समेतको वार्षिक भौतिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• राजस्व संकलनमा सूचना प्रबिधिको पूर्ण प्रयोग गरेको देखिएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा कार्यक्षेत्रभित्रका विषयमा विकासको आवधिक, वार्षिक, रणनीतिगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी संचालन ल्याएको पाइएन ।<br>• आयोजनाको बिश्लेषण गरी योजना बैंक खडा गरेको देखिएन । सात चरणको योजना छनौट र संचालन हुनेगरेको पाइएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गरेको देखिएन ।<br>• वडाको जिन्सी अभिलेख देखिने गरी मूलजिन्सी खाता अध्यावधिक गरेको पाईएन । जिन्सी निरिक्षण प्रतिवेदन अनुसार मर्मत तथा लिलाम गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको अनलाइन जानकारी दिएको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम खरिद योजना तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै निर्माण सामाग्री मूल्य, ज्याला, भाडा,को न्युनतम दररेट तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी अभिलेख राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार योजना उपभोक्तालाई हस्तान्तरण गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका योजना संचालन गर्ने उपभोक्ता समिति दर्ता गरेको पाइएन। | |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

- सार्वजनिक सुनुवाई, सामाजिक र सार्वजनिक परीक्षण भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन विकास र वातावरण योजना तयार गरेको पाइएन ।फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
- भ्रमण अभिलेख राखेर भ्रमणको प्रयोजन र नतिजा सहितको प्रतिवेदन तयार गरेको पाइएन।
- सवारी साधन मर्मत अभिलेख बिना मर्मत खर्च लेखेको पाइयो ।
- सवरी ईन्धन बिना लगबुक खर्च गरेको छ ।
- पालिकामा समाहित भएका साविकका गाविसको नगदी, जिन्सी सम्पती, दायित्व, पेश्की र वेरुजुको अभिलेख राखेको पाइएन ।

पालिका अन्तर्गत पारिश्रमिक सुविधा लिने निर्वाचित र प्रशासन, प्राविधिक, सहायक कर्मचारीहरुको सङ्घीय निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी विस्तृत व्यक्तिगत ववरण राखेको पाइएन । कर्मचारीको योग्यता क्षमता र दक्षता उपयोगको जिम्मेवारी एकीन हुन सकेन ।

**योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

३. **बजेट र अख्तियारी-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा राजश्व र व्ययको अनुमान स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपप्रमुखले २०७६।०३।१० गते रु. ५५ करोड ६१ लाखको बजेट सभा समक्ष पेश गरेको मा २०७६।०३।२० मा पारित भएको छ । नगर प्रमुखले २०७६।०४।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्चगर्ने अख्तियारी प्रदान गरेको छ । तोकिएको समयमा आय र व्ययको अनुमान पेशगरी अख्तियारी दिनुपर्दछ ।

४. **चौमासिक पूँजीगत** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रम चौमासिक प्रगति विवरण वनाई पेश गर्नु पर्ने र चौमासिक कार्य सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्थाछ । चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम रहेकोमा कुल खर्चको ७१ प्रतिशत असारमा खर्च भएको देखिएको छ । वर्षान्तमा हतारमा काम गराउँदा गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।

| शिर्षक | बार्षिक खर्च | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | असारको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | |
| पुँजीगत | २५३३५० | १६४०७६ | ६७१७ | १६६६३ | १४०११३ | ११६४७३ | ६४.७६ |

५. **क्षेत्रगत बजेट र परिचालन-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ। यो बर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ११000000 | ७५१९०४१ | ६८.३ |
| सामाजिक क्षेत्र | २८८00000 | २५२३४३७४ | ८७.६२ |
| पूर्वाधार विकास क्षेत्र | २०४३00000 | १२५९११३८३ | ६१.६३ |
| सुशासन तथा अन्तरसम्बन्ध | ८00000 | 0 | 0 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८४५0000 | ५४११६७८ | ६४.०४ |
| **जम्मा** | २५३३५0000 | १६४०७६४७८ | ६४.७६ |

**संगठन तथा कर्मचारी व्यवस्थापन**

६. **कर्मचारीकरारः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

लागि दरबन्दी सृजना गर्न सकिने व्यवस्था छ। स्थायी प्रकृतिको काममा करारमा कर्मचारी नियुक्ति गर्न मिल्ने व्यवस्था रहेको छैन ।

देहायको क्षेत्रगत कर्मचारीहरु सेवा करारमा नियुक्ती गरी देहायबमोजिम बार्षिक तलब रु.१,०५,४६,६६०।०० खर्च लेखेको पाईयो । यो बर्ष नियुक्ति भएको कर्मचारीहरुको प्रतिस्पर्धा र योग्यताको अभिलेख पेश नभएकोले एकिन हुन सकिएन ।

| सि.नं. | क्षेत्रगत करार | संख्या |
|---|---|---|
| १ | ईन्जीनियर/स.ईन्जीनियर/अमिन/स.क.अ. | ३ |
| २ | राजनिकतिक र कानूनी सल्लाहकार/स्वकीय सचिव | ३ |
| ३ | सुचना प्रविधि अधिकृत | १ |
| ४ | सवारी चालक | ४ |
| ५ | ल्याब टेक्निसियन/ईलेक्ट्रोनिक्स | ३ |
| ६ | सामाजिक परिचालक | ५ |
| ७ | कार्यलय सहयोगि | १८ |
| ८ | पाले/स्विपर/मालि | ६ |
| ९ | नगर प्रहरी | १० |
| | जनस्वास्थ्य तर्फ | २ |
| १० | अ.हे.ब. | २ |
| ११ | अ.न.मि. | ४ |
| | जम्मा | ६१ जना |

७. **न्यायीकसमिति:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था छ। उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिमा गत बर्षको बांकि तथा यस बर्ष दर्ता भएको उजुरी संख्या मध्ये फछ्यौंट भई बांकि रहेको प्रगति प्रतिवेदन माग गरिएकोमा लेखापरिक्षणको क्रममा पेश भएन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

८. **आन्तरिकलेखापरीक्षण-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा पालिकाले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यो बर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कोलेनिकाबाट वार्षिक रुपमा गराएको छ। आर्थिक कारोबारको भरपर्दो आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण सवल, दरिलो र विश्वसनीय बनाउन ध्यान दिनु पर्दछ।

९. **सम्पति परिचालनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पालिकाले आफु सँग भएको सम्पति परिचालन गर्नु पर्ने व्यवस्था छ । देहायको निर्माण उपकरण भएतापनि विकास र सेवामा परिचालन भएको कामको लागत र लाभ अभिलेख राखि बिश्लेषण र उपलब्धि मापन गरेको पाईएन । उपकरणगत लागत र लाभ अभिलेख राखि बिश्लेषण गर्नुपर्दछ ।

| सि.नं. | उपकरणको नाम | संख्या | दैनिक ८ घण्टा परिचालन गर्न सकिने |
|---|---|---|---|
| १ | जेसिबि | प्राप्त नभएको | |
| ३ | ट्रिपर | प्राप्त नभएको | |
| ४ | टेक्टरट्रली समेत | प्राप्त नभएको | |
| ५ | टयाँङ्कर | प्राप्त नभएको | |
| ६ | ट्रक | प्राप्त नभएको | |
| ७ | रोलर | प्राप्त नभएको | |

वार्षिक परिचालन हुनसक्ने जेसिबि, ट्रिपर र टयाक्टरको आम्दानी गरेको अभिलेख र त्यसबाट

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | लागत लाभ र उपकरणगत विवरण नभएकोले परिचालन अवस्था एकिन भएन । लगानीको औचित्य पुष्टीगर्न सम्पादित कामको मूल्यांकन हुनु पर्दछ । | |

१०. **बैक हिसाब मिलानः-**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा स्वीकृत लेखा ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम स्रेस्ता र बैंक खाताको हिसाबमिलान विबरण तयार गर्नुपर्नेमा गरेको पाईएन । बार्षिक रुपमा सुत्रको २७२ (अनुसुचि-२१) बैंक मौज्दातसँग भिडान नगरेकोले फरक उल्लेख गर्न सकिएन ।

नुसूची २४ बैंक तथा नगद बाकी

यस पालिका अन्तर्गत यो वर्षको अन्तमा निम्नानुसार बैंकतथा नगद बाकी छः

| बैंकको नाम | खातानं | खाताकोप्रकार | खाताअनुसार बाकी रु | बैंकअनुसार बाकी रु |
|---|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २२,६००,३०२,०१०,००२ | ग२.१, चालू खर्च खाता- विजोर वर्ष | १,४४,३२,६८९.१६ | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २,२६०,३०२,०१६,१०२ | ग२.१, चालू खर्च खाता- विजोर वर्ष | १६,०५,०३८.०७ | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २२,६००,३०२,०३०,००२ | ग२.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ८४,०३,०७८.५३ | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २,२६०,३०२,०२६,२०२ | ग२.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २२,६००,३०२,०७०,००२ | ग२.७, विविध खर्च खाता | १,८१,३३,०१४ | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २,२६०,३०२,०७६,७०२ | ग२.७, विविध खर्च खाता | ० | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २२,६००,३०४,०१०,००२ | ग४.१, स्थानीय तह सञ्चित कोष खाता | ९,१४,६१,२७१.६९ | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २,२६०,३०४,०१८,१०२ | ग४.१, स्थानीय तह सञ्चित कोष खाता | ० | |
| | | जम्मा | १३,४०,३५,०९१.४५ | |

**अनुदान प्राप्ति, वितरण र फिर्ता**

११. **अनुदान फिर्ताः-**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम अनुदान खर्च नभई बांकि फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा **रु.८७,१९,३९२।००** बाँकी मौज्दात रहेकोमा मिति २०७७।०६।१६ मा मात्र फिर्ता गरेको प्रमाण पेश गरेको छ । तोकिएको मितिमा फर्ता गर्नुपर्दछ ।

| अनुदानको बिवरण | कुलप्राप्ति | कुलखर्च रकम | बाँकिरकम |
|---|---|---|---|
| शसर्त अनुदान चालु (संघ) | १८,०९,८४,४३८ | १७,३१,०६,६०८ | ७८,७७,८२९ |
| शसर्त अनुदान चालु (प्रदेश) | १,००,००,००० | ९१,६०,०९५ | ८,३९,९०५ |
| विषेश अनुदान (प्रदेश) | ३०,००,००० | २९,९८,३४२ | १,६५८ |
| जम्मा | १९३९८४४३८ | १८५२६५०४५ | ८७१९३९२ |

**चालु खर्च**

१२. **नियन्त्रण मुखी खर्चः-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा पालिकाबाट सम्पादन गर्ने कार्यको लागि स्वीकृत बजेट मितव्ययी र संस्थागत जिम्मेवारीको काममा उपयोग गर्नुपर्ने व्यवस्था छ । वार्षिक बजेटको मितव्ययिता कार्यायोजन र सेवा वितरण निर्माण जस्ता सरकारी काममा उपयोग भएको आश्वस्त पार्ने अभिलेख सहितको कामको प्रकृति कमजोरी पहिचान,नियन्त्रणको वातावरण सूचना र अनुगमनको अभिलेख प्रणाली तयार भएको देखिएन । आन्तरिक प्रणाली मजवुत बनाई नियन्त्रण गर्नुपर्दछ ।

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| सि.नं | खर्चको शीर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | मेशिनरी औजार र मर्मत | २०००००० | १८६७०५८ |
| २ | सवारी मर्मत | २२८०००० | २०५५७६० |
| ३ | मसलन्द तथा कार्यालय सामाग्री | ४५९५००० | ४२९३११० |
| ४ | पत्रपत्रिका र सूचना प्रकाशन | १९६०००० | १९२३००० |
| ५ | भ्रमण खर्च | २२८५००० | १३९७५९१ |
| ६ | अन्य भत्ता | ५५०००० | ३४२७७५ |
| ७ | विविध खर्च | ३८५५००० | ३६८५००० |
| ८ | आर्थिक सहायता | १५००००० | १०८३४५० |
| ९ | संचार महशुल | २२४०००० | १६०४४२० |
| १० | इन्धन पदाधिकारी | १०००००० | ६६१६६५ |
| ११ | इन्धन कार्यालय | ३११०००० | २०६०७२५ |
| १३ | घरभाडा | ६५०००० | ३८५५१० |
| १४ | अन्य सम्पत्ति संचालन मर्मत | १४४०००० | ६५७७५० |
| १५ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत | १०३००००० | ९४००१७५ |
| १६ | सभा सञ्चालन खर्च | १७००००० | १५७०२०० |
| १७ | इन्धन कार्यालय | ३११०००० | २०६०७२५ |
| १८ | घरभाडा | ६५०००० | ३८५५१० |
| १९ | अन्य सम्पत्ती संचालन मर्मत | १४४०००० | ६५७७५० |
| | सभा सञ्चालन खर्च | १७००००० | १५७०२०० |
| | **जम्मा** | ४६३६५००० | ३७६६२३७४ |

बजेट पुष्टयाई कारण नराखी अनुमान गरेको छ । पदाधिकारीले कानून वमोजिमको इन्धन सुविधा दिनुपर्नेमा बढी खर्च देखिन्छ । शीर्षकगत खर्च जनताको सेवामा प्रयोग भएको एकीन हुन सकिने अभिलेख राखेको पाईएन ।

१३. **पदाधिकारी सुविधाः-**

प्रदेशनं. २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारीगरेको छ । नगरपालिकाले २०७७ साउन देखि असोज महिना सम्मको रु.२७,००,०००।०० पदाधिकारीसुविधावापत भुक्तानी गरेकोछ । सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुनेगरी उक्त सुविधाहरु खारेज गरेको छ। तत्पश्चात पदाधिकारीहरुलाई मासिक सुविधा भुक्तानी भएको दखिएन । कानून बमोजिम मात्र खर्च गर्नुपर्दछ ।

१४. **पदाधिकारी बीमाः-**

प्रदेशनं.२को स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले सावधिक जिवनबीको सुविधा पाउने व्यवस्था देखिएन । नियम प्रतिकुल १४ जना पदाधिकारीको साबधिक जिवनबीमा रु.१,४०,०००।०० सोधभर्ना दिएकोले असूल गर्नुपर्ने रु. — १४००००

१५. **बजेट प्रस्तुतीः**

५५७-२०७७।०३।२५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ मा नगर नीति तथा कार्यक्रम प्रस्तुती बापतको पारीश्रमिक पाउने व्यवस्था देखिएन । कानून बेगर आर्थिक बर्ष २०७७।८८ को निति तथा कार्यक्रम नगरसभामा प्रस्तुत गरे बापत नगर उपप्रमुखलाई रु.१,००,०००।०० पारीश्रमिक भुक्तानी भएकोले असूल गर्नुपर्ने रु. — १०००००

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

१६. **पदाधिकारी सुविधाः-**

प्रदेशनं .२प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । नगरपालिकाले २०७६ साउन देखि असोज महिनासम्मको रु.४१,३४,०००।०० सुविधा दिएकोछ। कानून अनुकूल नहुने गरी सुविधा दिनु नियम अनुकुल विमा, बजेट प्रस्तुती र स्वकिय सचिव साथै सल्लाहकारको सुविधा दिनु विधि अनुकुल देखिएन ।

| सि.नं. | पद | सुविधा | संख्या | रकम |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | कानूनी सल्लाहकार | १ | ३४६०००.० |
| | | विमा | १ | १००००.० |
| | | स्वकीय सचिव | १ | ३४६०००.० |
| २ | नगर उपप्रमुख | विमा | १ | १००००.० |
| | | बजेट प्रस्तुतिकरण | १ | १०००००.० |
| ३ | वडाध्यक्ष | विमा | १२ | १२००००.० |

१७. **आर्थिक सहायताः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तह बाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिएन। पालिकाले आर्थिक सहायता यो वर्ष विभिन्न व्यक्ति र संघ संस्थालाई रु.१४,५६,८८८।०० वितरण गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

| भौ.नं. | विवरण | विवरण | डेबिट |
|---|---|---|---|
| १ | औषधि उपचारसहायता | विभिन्न ३१ जनालाई | ८६१५०० |
| २ | संघ संस्था | विभिन्न ५ वटा संस्थालाई | ७९००० |
| ३ | मेला, पर्ब | विभिन्न | १०५००० |
| ४ | खेलकुद प्रवर्द्धन | बिभिन्न | १८०५६१ |
| ५ | अन्य कार्यलय | बिभिन्न | २३०८२७ |
| | | जम्मा | १४५६८८८ |

आर्थिक सहायतामा पेश्की लिई नगद वितरण गर्ने गरेको देखिएको छ । पारदर्शिताको लागि बैंकिङ प्रणालिमा कारोबार गर्नु पर्दछ ।

१८. **वैदेशिक भ्रमणः-**

६६/०७६/६/१३दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुन सुकै कुरा लेखिएको भएपनि पदाधिकारी विदेश भ्रमण गर्नु पर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नु पर्ने व्यवस्था छ । नगर प्रमुखलाई दक्षिण कोरिया जादाको १०५८८१.० भ्रमण भत्ता खर्च लेखेकोमा नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृती लिएको पाईएन । भ्रमणको प्रतिवेदन र आयोजकबाट भएको खर्चको विवरण बेगर भ्रमण खर्च भुक्तानी गरेकोले नियमित देखिएन रु. १०५८८१

१९. **तलबि प्रतिवेदनः-**

पालिकामा स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम तथा स्थानिय सरकार संचालन ऐन बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गरी खर्च लेख्नुपर्दछ । निजामती कर्मचारीको तलबी प्रतिबेदन पास गराएर लेख्नु पर्नेमा सो वेगर रु. ३००५९३५८।७४ खर्च लेखेको पाईयो।

२०. **संगठन तथा व्यवस्थापन सर्वेक्षणः-**

३४७-२०७७।०१।०१ सार्वजनिक खरिद ऐन२०६३ को दफा२९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट हुन नसक्ने काममा परामर्श लिन सकिने परामर्शदाताको कामको पृष्ठभूमि र विषेषज्ञतालाई विचारगरी कार्यक्षेत्रगत शर्त तयार गरी सोहि आधारमा परामर्श दाता छनौट गर्नुपर्ने उल्लेखछ। कामको प्रकृती अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेमा विषयको विशेषज्ञ ४४८०००

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | जनशक्ती नभएको अलाईन्स ईन्टरनेशनल प्रा.लि.(६०९५२१८४८) बाट सर्बेक्षण कार्यको खर्च रु.४,४८,०००।०० नियमित नदेखिएको रु. | |
| २१. | **बिद्यालयलाई अनुदानः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र संलग्न हुनु पर्ने व्यवस्था छ । बिद्यालय व्यवस्थापन सञ्चालनको लागि संघीय सशर्त अनुदान प्राप्त हुनेमा देहायको बिद्यालयहरुलाई अनुदान शिर्षकमा विनियोजन गरी खर्चको प्रगति र लेखापरीक्षन प्रतिवेदन बेगर भुक्तानी गरेको नियमित देखिएन। | |

| ब.उ.शि.नं. | भौ.नं. र मिति | संस्थाको नाम | कामको विवरण | अनुदान रकम |
|---|---|---|---|---|
| समानिकरण चालु | ९९-२०७६।०८।२५ | श्री आ.वि. बाखर, | शिक्षकको तलब | ४००००० |
| समानिकरण चालु | ७८-०७६।०६।२० | श्री जनता मा.वि., तिनकुने | उल्लेख नभएको | ४००००० |
| समानिकरण चालु | ९५-०७६।०८।१३ | श्री जनता मा.वि., तिनकुने | उल्लेख नभएको | १००००० |
| समानिकरण चालु | १९७-०७६।१०।१७ | श्री जनता मा.वि., आयोध्यानगर | शिक्षक तलब र प्रयोगशाला | ५००००० |
| समानिकरण चालु | ४४२-०७७।०३।३२ | श्री आ.वि., ईटारी | शिक्षक तलब | ९९६०० |
| समानिकरण चालु | १३-०७६।०५।२६ | श्री महाबिर मा.वि., चैनपुर | उल्लेख नभएको | १००००० |
| समानिकरण चालु | ३१-२०७६।०६।०२ | श्री आ.वि., चैनपुर | उल्लेख नभएको | १००००० |
| समानिकरण चालु | ४६९-०७७।०३।०९ | श्री तुसडो मा.वि., बिष्णुपुरकट्टी | शिक्षकको तलब | २००००० |
| समानिकरण चालु | ६४-०७६।०६।१२ | श्री आ.वि., कैलाशपुर | उल्लेख नभएको | २००००० |
| समानिकरण चालु | २७९-०७६।११।२३ | श्री मदन भण्डारी स्मृती मा.वि. | शिक्षकको तलब | ६००००० |
| समानिकरण चालु | ४९७-०७७।०३।१४ | श्री जनता आ.वि., बाखर | उल्लेख नभएको | २००००० |
| समानिकरण चालु | १२७-०७६।०९।२१ | श्री नयनपुर स्वास्थ्य चौकी | उल्लेख नभएको | १००००० |
| | | | जम्मा | २९९९६०० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २२. | **सुचना प्रविधिः-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम १२९ (१) मासम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सूचना प्रविधिमा आधारित प्रणालीको विकास गर्न महालेखा नियन्त्रक कार्यलय र अर्थ मन्त्रालयको स्विकृति लिनु पर्ने व्यवस्था छ । पालिकाले स्वीकृति नलिई देहाय अनुसारको सफ्टवेयर खरिरमा रु.१४,१८,९२७।०० खर्च गरेको छ । आधिकारिक निकायबाट सरकारी प्रयोजनका लागि अनुमति प्राप्त नभएको सफ्टवेयरहरु प्रयोग गर्दा महत्वपूर्ण अभिलेख तथा सूचनाहरु दुरुपयोग हुने सम्भावना भएकोले यस तर्फ पर्याप्त ध्यान दिनुपर्दछ । | |

| भौ.नं. | विवरण | परामर्शदाता | करदातानं. | रकमरु. |
|---|---|---|---|---|
| ३१४-०७६/१२/२९ | टाईमअटेडेन्स डिभाईस खरिद र जडान | इन्टरफेसआइटि सोलुसन | ६०७२९६९९४ | ९९,९९५ |
| ८९-०७६/०८/१३ | Biometric LIcence Activate बापत | ईन्टरफेसआईटी सोलुसन | ६०७२९६९९४ | १३९५५५ |
| १७०-०७६/१०/०८ | तलब हिसाबखाता ब्यवस्थापन i payroll सफ्टवेयर जडान | गभर्मेन्सअटोमेशन सोलुसन | ६०९५२५३४२ | २४९६१२ |
| ४४८-०७७/०३/०५ | ग्रुप SmS सेवा नवीकरण र एस एम एस सेवा शुल्क | शुभारम्भसोलुसन प्रा.लि. | ६०४२९५४२६ | ६७८०० |
| ५१५-०७७/०३/१७ | सिफारिसतथा प्रमाणपत्र व्यवस्थापन प्रणालि जडान | सर्च सफ्टनेपाल प्रा.लि. | ६०६५२९५६७ | ४९७२०० |
| ५९३-०७७/०३/२९ | सफटवेयरहरुनवीकरण | साङ्ग्रीलाईन्फर्मेटिक्स | ३०१५४४७७३ | ८९८३५ |
| ५९३-०७७/०३/२९ | सफटवेयरहरुनवीकरण | साङ्ग्रीलाईन्फर्मेटिक्स | ३०१५४४७७४ | २७४९२९ |
| | | | | १४१८९२७ |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २३. | **ग्रुप SmS सेवाः** यस सम्बन्धमा देखिएको व्यहोरा निम्नछन् | |

| कार्यालयको नामः धनगढीमाई नगरपालिका, सिरहा | | आ.व. २०७६।७७ |
|---|---|---|
| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
| २३.१. | **बढि भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टीगर्ने बिल, भरपाई, प्रमाण र संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले ग्रुप SmS सेवा नवीकरणमा रु.२०,०००।०० र एसएमएससेवा शुल्कप्रति म्यासेज रु.१.३५।०० का दरले २९६१० संख्या म्यासेज अपलोडमारु.४०,०००।०० शुभारम्भ सोलुसन (६०४२९५४२६) लाई भुक्तानी गरेको छ । सफ्टवेयरको परीक्षण गर्दा २१४६ पटकमात्र अपलोड भएको देखिएकोले २७४६४ संख्याको रु.३७,०७६।०० बढि खर्च लेखेकोले असूल गर्नुपर्ने रु. | ३७०७६ |
| २३.२. | १८९-२०७६।१०।१४<br>ग्रुप एसएमएस (SMS) सेवा नवीकरण बापत एसएमएससेवा शुल्क भुक्तानी गरेकोमा एसएमएस (SMS) रिजार्च सफ्टनेपाल प्रा.लि.(६०६५२९५६७) थप रु.२२,६००।०० भुक्तानी भएको छ । प्रतिगोटा अपलोड र रिचार्ज खर्चमा दोहोरोपना भएकाले सो रकम असूल गर्नुपर्दछ । | |
| २४. | **सफ्टवेयर नविकरणः**<br>५९३-२०७७।०३।२९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा खर्चपुष्टी गर्ने बिल, भरपाई, प्रमाण र संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले एकिकृत सम्पति कर तथा आयलेखा व्यवस्थापनको लागि साङ्ग्रीला ईन्फरमेटिक्स प्रा.लि. को सफ्टवेयर बिगत देखि प्रयोग गरिराखेकोमा यस बर्ष नविकरण शुल्क बापत रु.३,६४,७६४।०० भुक्तानी गरेको छ । नविकरण शुल्क तथा बिक्रीपछिको सेवा सम्बन्धमा खरिद सम्झौता पेश नभएकोले बार्षिक नविकरण शुल्क एकिन भएन । खरिद सम्झौता अनुकुल नभएको र थप कार्य गरेको भए सोको अभिलेख राखेको छैन।पालिकाले खर्चगर्दा पुष्टी गर्ने प्रमाण स्रेस्तासाथ नराखि सफ्टवेयर खरिद बराबरमा नविकरण शुल्कमा खर्च गरेको हुँदा खरिद सम्झौता पेश गर्नुपर्ने रु. | ३६४७६४ |
| २५. | **गैरसरकारी संस्थाः-**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा गैरसरकारी संस्थाबाट तालिम, अभिमुखीकरण, सवलीकरण जस्ता कार्य गराउँदा प्रभावकारी र मितव्ययी हुने भएमा स्विकृत नर्म्सको परिधिमा रही लागत अनुमान तयार गरेर गैर सरकारी संस्थाबाट प्रकृया अपनाई कार्य गराउन सकिने व्यवस्था छ। सार्बजनिक सुचना आह्वान गरेर गैर सरकारी संस्थाहरुलाई सुचीकृत गर्ने र स्विकृत लागत अनुमानको आधारमा संस्थासंग प्रस्ताव माग गरी घटी प्रस्ताव पेश गर्नेलाई छनौट गरी सम्झौता गर्नु पर्नेमा नमूना छनौटबाट तपशिलका कार्यक्रमको श्रेस्ता परिक्षण गर्दा उक्त प्रकृया बेगर रु.१८,५०,०००।०० खर्च गरेकोले नियमित देखिएन । कार्यक्रमको प्रभावकारितासँगै नियमको पालना गर्नुपर्दछ । | |

| भौ.नं. | संस्था | कार्यक्रम | भ्याट बिल | रकम रु. |
|---|---|---|---|---|
| २७८-२०७६।११।१३ | साझा विकास केन्द्र | कृषि सम्बन्धी | नभएको | १००००० |
| ३२५-२०७६।१२।३० | साझा विकास केन्द्र | कृषि सम्बन्धि | नभएको | १५०००० |
| २९२-२०७७।०२।०९ | महाबिर ग्रामिण सहकारी संस्था | आप सम्बन्धि | नभएको | ५०००० |
| ४२९-२०७७।०२।२७ | राष्ट्रिय भुमि अधिकार मञ्च | सामुहिक खेती सम्बन्धि | नभएको | २००००० |
| २३३-२०७६।११।०४ | हरिबोल पोलि क्लिनिक | स्वास्थ्य सम्बन्धि | नभएको | १००००० |
| ५६९-२०७७।०३।२६ | दलित जनकल्याण युवा समाज | शैक्षिक सामाग्री वितरण | नभएको | ५०००० |
| ५७१-२०७७।०३।२६ | सि एम सि नेपाल | मानसिक स्वास्थ्य सम्बन्धि | नभएको | १००००० |
| ६००-२०७७।०३।२९ | बिराट सामुदायिक | तालिम निर्देशिका | भएको | ५००००० |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | विकास केन्द्र | तयारी | | |
|---|---|---|---|---|
| ६०१-२०७७।०३।२९ | सि एम सि नेपाल | मानसिक स्वास्थ्य सम्बन्धि | नभएको | १००००० |
| ६०४-२०७७।०३।२९ | जिल्ला भुमि अधिकार मञ्च | सामुहिक बगर खेति | नभएको | ५००००० |
| | | | जम्मा | १८५०००० |

२६. **मितव्ययित कायमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७३(६) मा स्विकृत बजेट खर्च गर्दा मितव्ययीता कायमगर्ने व्यवस्था मिलाउनुपर्दछ । पालिकाले नियमित प्रशासनिक तथा बोलपत्र सम्बन्धि सुचनाहरु प्रकाशनमा दैनिक पत्रिकाको सुचना प्रकाशन कार्ड (**Advertisment Tariff Card**)अनुसार पाउने संस्थागत छुटको सुविधा लिएर मितव्ययीता कायम हुनेमा अंकितदर मुल्यमा भुक्तानी गर्दा पालिकालाई थप व्ययभार पर्न गएको छ । पालिकाले वस्तु तथा सेवा खरिद गर्दा मितव्ययीता कायम हुनेगरी प्रतिस्पर्धी मुल्यमा खरिद गर्नुपर्दछ । सूचना प्रकाशनमा छुट नलिई कारोवारको गरेको रु. — ५१८०६

| भौ.नं. | पत्रिकाको नाम | परिमाण | दर | संस्थागत छुटको दर | भुक्तानी रकम | छुट सहितको रकम | फरक रकम |
|---|---|---|---|---|---|---|---|
| १२५-२०७६।०९।२१ | समाचापत्र दैनिक | ११४ सि सि | १४०० | 6 or more insertion-15% | १७७५९४ | १५३२९४ | २४३०० |
| ४३४-२०७७।०२।२८ | राजधानी दैनिक | ६८ सि सि | १४०० | 11 or more insertion-15% | १०७५७६ | ९१४४० | १६१३६ |
| ४९१-२०७७।०३।१४ | नवसङ्ग्राम दैनिक | २९ सि सि | १४०० | Ls-25% | ४०००० | ३४४०८ | ५५९२ |
| ६१३-२०७७।०३।३० | मार्गनुगामी दैनिक | २८ सि सि | १४०० | Ls-25% | ३९००० | ३३२२२ | ५७७८ |
| | | | | जम्मा | | | ५१८०६ |

२७. **पारीश्रमिक करः**

भौ.नं. ३३-२०७६।०६०२ बाट UNICEF/KIRDAR को सहकार्यमा सञ्चालित खानेपानि तथा सरसफाई सम्बन्धि तथ्याङ्क संकलन कार्यको अनुगमन भत्तामा १५ प्रतिशत परीश्रमिक कर कट्टा नगरी ८ जनालाई प्रतिसदस्य ५ दिनको रु.५,००।०० का दरले रु.४०,०००।०० भुक्तानी गरेकोमा बढी रु.६,०००।०० असूल गर्नुपर्ने रु. — ६०००

२८. **नर्म्सको पालनाः**

५५५-२०७७।०३।१४ सार्बजनिक निकायबाट सञ्चलान हुने तालिम, गोष्ठी, समिनार लगायतका कार्यक्रमहरुको खर्चमा मितव्ययीता, एकरुपता, प्रभावकारीता तथा पारदर्शिता कायम गर्न स्थानीय तहले निर्देशिका तयार नगरेको अवस्थामा प्रदेशको कार्यविधि अनुरुप हुनेगरी खर्च गर्नुपर्दछ ।प्रदेश नं. २ ले प्रदेश खर्चको मापदण्ड, २०७५ अनुसार प्रशिक्षकले प्रतिसेसनको कार्यपत्र रु.८००। र कक्षा सञ्चलन रु.७००। गरी १५०० दरले पाउने व्यवस्था छ ।न्यायिक समितिको क्षमता अभिवृद्धी सम्बन्धि ७ दिने तालिम संचालन गर्दा प्रशिक्षक खर्च २८ सेसनको रु.४२,०००।०० हुनुपर्नेमा रु.९५,२००।०० दिएकाले बढि भुक्तानी गरेको रु.५३,२००।०० असूल गर्नुपर्ने रु. — ५३२००

२९. **बिल भरपाईः**

भौ.नं. ६४७-२०७७।०३।३१ बाट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र संलग्न हुनुपर्ने व्यवस्था छ । वृक्षारोपण कार्यक्रममा सुरेश नर्सरी तथा बागबानी केन्द्र (३०४३३०१६०) लाई रु.२,२७,५००।०० भुक्तानी गर्दा अमलाको बिरुवा १०० र कागतिको ५० गोटा सहित बासको खोप ७०० गोटा खरिद गरेको छ । सो विरुवा रोपणको स्थान, अनुगमन तथा सिफारिस र कृषकलाई वितरण गरेको पुष्टयाई हुने भरपाई पेश नभएकोले — २२७५००

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | पेश गर्नुपर्ने रु. | |

३०. **सोधभर्नाः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ४०(४) को उपनियम (२) मा नेपाल सरकारबाट हुने सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ती वा संस्थाको बैङ्क खातामा जम्मा हुने गरी गर्नु पर्ने व्यवस्था छ । व्यक्तिको नाममा सोधभर्ना लिई खर्च गर्दा खर्चको एथार्थता र भुक्तानी पाउनुपर्ने व्यक्तिले पाएको छ भन्ने आधार समेत नदेखिएको हुँदा पालिकाले व्यक्तिलाई सोधभर्ना दिने र पदाधिकारीले आर्थिक कारोबार गर्न पाउने स्पष्ट कानूनी आधार नरहेको अवस्थामा पदाधिकारीलाई समेत सोधभर्ना दिने गरेको देखिएको हुँदा व्यक्तिको नाममा सोधभर्ना दिने/लिने कार्य नियन्त्रण गरी बैंङ्किङ कारोबारमा जोड दिनुपर्दछ । केही उदाहरणः

| खर्चको विवरण | आपूर्तक/ विल | भौ.नं. | भुक्तानी रकम | सोधभर्ना लिने |
|---|---|---|---|---|
| मोबाईल खरिद | | २० | ५८४८९ | जितेन्द्र कुमार महतो |
| दै.भ्र. खर्च | बिभिन्न | १०४ | ९३९५० | सुनिल कुमार साह |
| सवारी मर्मत | | १११ | ८७५३६ | कुसेश्वर यादव |
| वडा सञ्चालन खर्च | बिभिन्न | बिभिन्न | ४२००००० | वडा सचिव/ पधाधिकारी |
| चापाकल निर्माण | | १७९ | ८५६२९ | बिदैव कामत |
| ईलेक्ट्रोनिक्स सामान खरिद | | ३११ | ६९८३७ | बेदानन्द चौधरी |
| पशु औषधि खरिद | | ३९५ | ६९९२५ | महेन्द्र प्रसाद यादव |
| मेशिनरि र फर्निचर | | ५९८ | ७४२८४ | कृष्ण कुमार यादव |

३१. **वडा संचालनः**

नगरसभाबाट वडा संचालन प्रतिवडा बार्षिक रु.३,००,०००।०० का दरले १४ वडाको रु.४२,००,०००।०० विनियोजन गरी सोहि अनुसार भुक्तानी लिएको छ।वडाले गरेको खरिदको पेश नभएको, भ्रमण अभिलेख नराखेको, प्रयोजन र स्थान खुल्ने सवारी लगबुग नभरेको, फुटवल, क्यारामबोर्ड जस्ता असम्बन्धित बिल पेश गरेको तथा दोहोर पना हुने हुँदा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई खर्चलाई मितव्ययी र पारदर्शि बनाउनु पर्दछ।

३२. **खाना तथा विविधः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष खाना तथा विविध रु.३१२२८५७।००खर्च गरेको छ।यस्तो खर्चमा नियन्त्रण कायम गर्नुपर्दछ ।

| विवरण | स्रोत | खर्च रकम रु. |
|---|---|---|
| विविध खर्च (चिया/नास्ता/खाना/पानि लगायत) | राजस्व बांडफांट | १८५७९०७ |
| विविध खर्च (वडा कार्यलय तर्फ) | राजस्व बांडफांट | ७००००० |
| ३२/०७७/३/२५ | सघीय शसर्त | ११०२०० |
| ३५/०७७/०३/२६ | सघीय शसर्त | २९४३५० |
| ३४/०७७/०३/२६ | सघीय शसर्त | १६०४०० |
| जम्मा | | ३१२२८५७.० |

**करदस्तुरएवंआन्तरिकआय**

३३. **आयको प्रक्षेपण तथा प्राप्तिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रको व्यवस्था गरिएको छ । परिच्छेदको दफा ५४ देखि ६८ सम्मको व्यवस्था कार्यन्वयन गर्दै आय संकलन गर्न सक्ने व्यवस्था अनुरुप देहायअनुसारको आन्तरिक आय प्राप्त गरेको छः

| राजस्व उपशीर्षक | अनुमानितबजेट | प्राप्तरकम रु. |
|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ५००००० | १९६३३६ |
| ११३१४ भुमिकर/मालपोत | १०००००० | ९५९२०५ |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| ११३२१ घरवहाल कर | २००००० | २०८७२४ |
| ११३२२ वहाल विटौरी कर | २०००००० | १३७५९३३ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १००००० | १५३९७१ |
| ११४७९ अन्य मनोरञ्जन कर | ० | १८०० |
| ११६११ व्यवसाय रजिष्ट्रेशन दस्तुर | २००००० | १५४६६६ |
| ११६९१ अन्य कर | ३००००० | १४८८३० |
| १४१५१ सरकारी सम्पत्ती वहालबाट प्राप्त आय | ५०००००० | ९७९८५८ |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २५०००००० | ३६४१६८९ |
| १४२१८ विद्युत सेवा शुल्क | ० | १०० |
| १४२२१ न्यायिक दस्तूर | ० | ८०९ |
| १४२२४ परीक्षा शुल्क | १००००० | ९१२०० |
| १४२४२ नक्सापास दस्तुर | १०००००० | २९५४७६ |
| १४२४३ सिफारिश सेवा शुलक, दस्तुर | २०००००० | २२११२०२ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | १५९९५० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५०००० | ७३०७० |
| १४२४९ अन्य दस्तुर | १६५०००० | २६१०९५८ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५००००० | ३१८००० |
| १४५२१ बाँटफाँटबाट प्राप्त हुने सवारी कर | ५०४४००० | ४३४००० |
| जम्मा आन्तरिक राजस्व | २२३४४००० | १४०१६३२७ |
| मालपोत रजिष्ट्रेशन बाँडफाँट | १४४३८०२० | १४४३८०२० |
| जि.स.स. कोषबाट प्राप्त | ३८५०००० | ३८५०००० |
| बिभाज्य कोषको बाँडफाँड | २७९२५४९ | २७९२५४९ |
| अन्य विविध शिर्षकबाट बैंकमा दखिला भएको | १९८१६४३ | १८५६३८८ |
| | २३०६२२१२ | २३०६२२१२ |

नगरसभाबाट पारित अनुमानको तुलनामा ६२.७२ प्रतिशत आय संकलन । वित्तीय आत्मानिर्भरता समग्र विकासको दीर्घकालिन स्रोत व्यवस्थापनको लागि आयको असूली तथा संकलनको दायरालाई बढाउदै अनुमानलाई यथार्थपरक बनाउनुपर्दछ ।

३४. **आयठेक्का संशोधनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो वित्तीय अधिकारको समुचित अभ्यास गर्दै वित्तीय आत्मानिर्भरताको परिकल्पना गरेको छ । पालिकाले आफ्नो आन्तरिक आय असूली बोलकबोल ठेक्काको आह्वान बमोजिम प्रस्ताव पेस नहुँदा नदीजन्य पदार्थको ठेक्का तथा माछापोखरी ठेक्कामा न्यूनतम कबोल अंक घटी कायम गर्दै पुनःठेक्का आह्वान गर्दा आय घटी हुने गरेको पाईयो । बोलकबोल ठेक्का आह्वानको सूचना बमोजिम पर्याप्त प्रतिस्पर्धा नहुनुको कारणहरु पहिचान गरी सम्झौता अनुसारको कार्य वातावरण र सुरक्षाको प्रत्याभुतिसहित न्यूनतम कबोल अंक कायम गरी सूचना आह्वान गर्नु पर्दछ ।

| आय ठेक्काको नाम | परिमाण (घ.फि.) | न्युनतमअंक (रु.) | सुचना | प्रस्ताव | संशोधित परिमाण | संशोधित कबोल अंक | प्रस्ताव | बाढि कबोल अंक | सम्झौता |
|---|---|---|---|---|---|---|---|---|---|
| गागन खोला | २२००००० | ३५००००० | २ पटक | पेश नभएको | १५००००० | २२५०००० | २ | २२७५००० | बाबा रामऔतार कन्स्ट्रकशन |
| सर्रे खोला | १७००००० | ३०००००० | १ पटक | पेश भएको | - | ० | १ | ३७०१००० | भवानी प्रशोधन उद्योग |
| जिरोमाईल बजार | - | १२००००० | २ पटक | पेश नभएको | - | ७०००००० | ० | ० | अमानत बाट |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पटके सवारी कर | - | ४०००००० | २ पटक | पेश नभएको | - | ४००००० | पेश नभएको | ० | अमानत बाट |
| माछापोखरी ठेक्का (१८ वटा) | | ५०९८४१५ | | केहि पोखरि को लागि | - | - | केहि पोखरि को लागि | | ४ वटा ठेक्कामा गरएको |

३५. **असुल बाँकिः-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता असूली गर्ने व्यवस्था छ।यो वर्षको देहाय अनुसार व्यवसायी र व्यक्तिहरुको रु.२९,२९,०००।०० संचित कोषमा दाखिला गर्नुपर्ने रु. २९२९०००

| ठेकेदारको नाम | आय ठेक्काको नाम | परिमाण (घ.फि.) | कोबोल अंक | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
